म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३४५ शुक्रबार १२ साउन २०८० ने. सं. ११४३ अनलागा 28 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रग्बी खेलाडीको सूचिमा मकवानपुरका बिक्रम अटाए

हेटौंडा, ११ साउन/चीनमा हुने १९ औं एसियाली खेलकुद प्रतियोगिता अन्तर्गत रग्बी प्रतियोगिताको अन्तिम खेलाडीको नामावली सार्वजनिक गरिएको छ । चीनको होङ्झावमा हुने प्रतियोगितामा १२ जना नेपाली खेलाडीको अन्तिम नामावली सार्वजनिक भएको हो । जसमा मकवानपुरबाट पनि एकजना खेलाडीले स्थान पाएका छन् । प्रतियोगितामा राष्ट्रिय टोलीका मकवानपुरे प्रतिनिधि बिक्रम भारतीले एसियाली प्रतियोगिता खेल्ने भएका हुन् । हेटौंडा-९ निवासी भारती विगत केही वर्षबाट राष्ट्रिय टोलीमा नियमित सदस्यको रुपमा रहेका छन् ।

यसैगरी, अन्य खेलाडीमा विवेश बशु, विक्रम पुरी, विराट श्रेष्ठ, झुकेन्द्र राई, नवीन महर्जन, निरोज कार्की, पूजन फेवाल, सविन महत, श्रीराम श्रेष्ठ, सुजन कुमाल र यदु अधिकारी रहेका छन् ।

# व्यवसायीलाई सडकको ताकेता, 'निरंकुश कार्यशैली स्वीकार्दैनौं'

साझाकुरा संवाददाता




हेटौंडा, ११ साउन/सडक डिभिजन कार्यालयले हेटौंडाले जर्वजस्ती रुपमा सडक भत्काउन खोज्नु निरंकुश कार्यशैली भएको व्यवसायीहरुले आरोप लगाएका छन् । तर, डिभिजन सडकले राजमार्गको केन्द्रबिन्दुबाट २५ मिटर दायाँबायाँका घरटहरा, पसल, व्यवसाय खाली गर्न बिहीबार पम्प्लेटिङ र माइकिङ गरेको छ ।

सर्वोच्च अदालतको आदेशविपरित सडक विस्तारको सूचना निकालेको दाबी गर्दै आएका हेटौंडाका व्यवसायीहरुले सडक डिभिजनको निरंकुश कार्यशैली असह्य हुने बताएका छन् । बिहीवार मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा बिहीबार भएको पत्रकार सम्मेलनमा व्यवसायीहरुले घरधनीलाई मुआब्जा र व्यवसायीलाई क्षतिपूर्ति दिएर मात्रै सडक विस्तार गर्न माग गरेका छन् । घरधनी र व्यवसायीहरु त्रसित बनिरहेको र सडक डिभिजनले सर्वोच्च अदालतको प्रष्ट फैसला हुँदाहुँदै पनि फैसलाको नै अवहेलना हुने कार्यशैली अपनाइएको संघका अध्यक्ष कृष्णकुमार गुप्ताले बताए ।

'सडक डिभिजन हेटौंडाले २०८० आषाढ १० गतेको कान्तिपुर दैनिक पत्रिकामार्फत राष्ट्रिय राजमार्गका अतिक्रमित संरचना हटाउने बारेको अत्यन्त जरुरी सूचना शिर्षकमा प्रकाशित सूचना र सडक डिभिजन हेटौंडाको पछिल्लो गतिविधिले राजमार्ग छेउका घरधनी तथा व्यवसायीहरु चिन्तित र त्रसित छन् ।,' संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ । जर्वजस्ती सडक विस्तार गर्न खोज्नु कानूनी राज्य र लोकतन्त्रमा जनता सर्वोपरी हुने तथ्यलाई खिल्ली उडाएको आभाष हुने व्यवसायीहरुको आरोप छ ।

नागरिकको घरजमिन माथि स्वामित्व हुने प्रमाण भनेकै लालपूर्जा र सोको वार्षिक राजश्व भुक्तानीको कागजात मात्र भएको संघले दाबी गरेको छ । 'राज्यको जुनसुकै स्थानका घरजग्गा धनिको हुने भनेकै त्यही लालपूर्जा र राजश्व भुक्तानीको कागजात हो जुन अहिले सडक डिभिजन हेटौंडाले अतिक्रमण भनेको क्षेत्रका घरजग्गा धनिहरुसँग पनि त्यही प्रमाण दुरुस्त छ । तसर्थ अपव्याख्या गरी अतिक्रमणको नाम दिई नागरिकलाई सुकुम्बासी बनाउने प्रपञ्चमा हाम्रो गम्भीर आपत्ति रहँदै आएको सबैमा सर्वविदित नै छ ।', संघले भनेको छ ।

सर्वोच्च अदालतबाट फैसला भएमुताविक सडक विस्तार गर्दा नागरिकको निजी सम्पत्तिको उचित रकम थपेर दिनुपर्ने र क्षतिपूर्ति तथा मुआब्जा दिनुपर्ने स्पष्ट आदेशको पूर्ण खिलापमा गई पछिल्लो समय क्षतिपूर्ति तथा मुअब्जाको कुनै उच्चारण नै नगरी सडक डिभिजन हेटौंडाले माइकिङ गर्ने, सूचना टाँस गर्ने जस्ता त्रास फैलाएर सनसनी मच्चाउने कार्य गरेको संघका अध्यक्ष गुप्ताले गुनासो गरे । उनले सर्वोच्चबाट सडक विस्तार गर्नुपूर्व क्षति हुने घरजग्गाको जाँचबुझ गरी विवरण संकलन गर्न भएको आदेशको समेत परिपालना नगरिएको बताए ।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दालाई प्रभाव पार्ने गरी फैसलाहरुको मर्म र भावना विपरित सडक डिभिजन कार्यालयले गरिरहेको क्रियाकलापले सम्पूर्ण घरधनी र व्यवसायीहरुमा असुरक्षाको महशुश भएको दाबी व्यवसायीहरुको छ । मानवीय संवेदनाहीन, राज्यशक्तिको दुरुपयोगपूर्ण र निरंकुश कार्यशैली असह्रय रहेको उनीहरुले बताएका छन् । निरंकुश कदमको विरुद्ध विरोध र संघर्ष जारी रहने संघ अध्यक्ष गुप्ताले चेतावनी दिए । 'घरधनी तथा व्यवसायीको हकमा एकसूत्रीय माग पूरा गरी निर्वाध सडक विस्तार गर्न सडक डिभिजन हेटौंडालगायत अन्य सबै तालुक निकायहरुमा जोडदार माग गर्दछौं ।,' व्यवसायीहरुले भनेका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष भुवनलाल श्रेष्ठले राप्तिरोडमा मात्रै १ सय १ घर भत्किने र २ सय ५० व्यवसायी विस्थापित हुने दाबी गरे । संघका पूर्वअध्यक्ष तथा बस्ती संरक्षण समितिका सहसंयोजक उत्तम शर्मा ढकालले अदालतको आदेश पालना गर्न र संविधानप्रदत्त नागरिकको बसोबासको अधिकार संरक्षण गर्न सबैपक्ष एक हुनुपर्नेमा जोड दिए ।

**१५ साउनभित्र सामान हटाउन व्यवसायीलाई ताकेता**

सडक डिभिजन कार्यालय हेटौंडाले साउन १५ गतेभित्र हेटौंडा मुख्य बजारक्षेत्रको २५/२५ गज सडकसीमा भित्र परेका घर तथा संरचनामा संचालित व्यापार, व्यवसायका आफ्नो सामान सुरक्षित स्थानमा सार्न व्यवसायीलाई आग्रह गरेको हो । सडक डिभिजन हेटौंडाका प्रमुख राजेशप्रसाद यादवले यसपटक सडक विस्तार कार्य नरोकिने भन्दै सूचना नै निकालेर हेटौंडा मुख्य बजारक्षेत्रको २५/२५ गज सडकसीमा भित्र परेका व्यापार र व्यवसायका आफ्नो सामान सुरक्षित स्थानमा सार्न व्यवसायीलाई आग्रह गरिएको बताएका छन् ।

यादवले सडक विस्तार हुँदैन भनेर हाम्रो सूचनालाई अटेर गरेर अझै पनि व्यवसायीले आफ्नो व्यवसाय स्थानान्तरण नगरेको पाइएकोले सूचना प्रकाशित गरेर साउन १५ भित्र समाना स्थानान्तरण गर्न भनेको कुरा स्पष्ट पारेका छन् । उनले सर्वोच्च अदालतले १५ दिनभित्र जवाफ दिन बोलाएको र २ जना घरधनीका लागि मात्र अल्पकालीन आदेश आएकोले भ्रममा नरहन भन्दै सबैलाई सडक विस्तार कार्यमा यसपटक सहयोग गर्न भनेका छन् ।

डिभिजन सडक कार्यालयले यही साउन १६ गतेबाट हेटौंडा-१५ रातोमाटेदेखि हेटौंडाको राप्ती पुलसम्म एकैसाथ जुनसुकै स्थानबाट सडक विस्तार सुरु गर्ने बताएको छ । यसका लागि जेसिबि, डोजर र अन्य उपकरण तयारी अवस्थामा रहेको सुनाए । सडक कार्यालयले केही दिनअघि क्षेत्राधिकार भित्र पर्ने हेटौंडा-१५ को वडा कार्यालय र जनजागृति माविको पर्खाल र त्यहाँ बनेको संरचना भत्काइसकेको छ । मनहरी गाउँपालिकाको ६, ७, ८, ९ वडा कार्यालयलाई पनि पत्राचार गरी सडकको केन्द्रबिन्दुबाट दायाँबायाँ २५ मिटरभित्र पर्ने घरटहरा, रुख खाली गर्न आग्रह गरेका छ ।

## मकवानपुरगढीमा राप्रविसको फुटसल

हेटौंडा, ११ साउन/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट विद्यार्थी संगठन राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन (राप्रविस) ले मकवानपुरगढीमा फुटसल प्रतियेगिताको आयोजना गरेको छ ।

राप्रविस मकवानपुर बहुमुखी क्याम्पसको आयोजनामा मकवानपुरगढी गाउँपालिका वडा नम्बर ३ स्थित फुटसल कोर्टमा प्रतियोगिताको सुरु भएको हो । साउन ११ देखि १३ सम्म सञ्चालन हुने प्रतियोगिता राप्रपा मकवानपुरका सह-कोषाध्यक्ष सन्दिपकुमार सापकोटाको प्रमुख आतिथ्यतामा उदघाटन भएको हो ।


प्रतियोगितामा मकवानपुर क्याम्पसका विभिन्न संकाय र तहबाट २२ समूह सहभागी रहने विद्यार्थी नेता निर्जल पुडासैनीले जानकारी दिए । युवालाई खेलको माध्यमबाट स्वास्थ्य हुन र कुलतबाट बचाउन सघाउ पुग्ने हेतुले खेलको आयोजना गरिएको उनले बताए ।

उदघाटन खेलमा राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनकी केन्द्रीय सचिव सरस्वती थिङ, राप्रविसका जिल्ला कार्यबाहक अध्यक्ष आशिष चौलागाईं, राष्ट्रिय युवामोर्चा मकवानपुर अध्यक्ष बिबेकबिक्रम शाह, हेटौंडा वडा नं. ८ कमिटीका अध्यक्ष सुवास गुरुङ लगायतको उपस्थिति रहेको थियो ।









साझाकुरा

## हाम्रो कुरा

# सरकार-नागरिक सम्बादको अभाव

हेटौंडाको बजार क्षेत्रमा घर भत्काउने बिषयमा पछिल्लो एक महिनादेखि तीब्र बहस चलिरहेको छ । तर, यो बहस एकपक्षीय रुपमा चलिरहेको हो । सरकारी निकाय र नागरिकबीच दोहोरा सम्बादको अवस्था बिल्कुल देखिएको छैन । डिभिजन सडक कार्यालय डोजर र एक्साभेटर तैनाथ अवस्थामा छ भन्दै जाने, नागरिकले आफ्नो हकभोग गरिरहेको जमीनको मालपोत तिरिरहेको र निजी सम्पत्तीमा डोजर चलाउन दिन्नौं भनिरहने अवस्थाले निकास निस्कनेवाला छैन । नागरिकले वर्षौंदेखि भागचलन गरिरहेको, सरकारको नियमानुसार कर तिरिरहेको, धितोबन्धक राखेर ऋण लिएर ब्यापार ब्यवसाय गरिरहेको नगरपालिकाबाट नक्सापास गरी आवास निर्माण गरिरहेको अवस्था छ । राप्तीरोड र मेनरोडका घर धनीले दायर गरेको रिटमा सर्वोच्च अदालतले अल्पकालीन आदेश जारी गरेको अवस्था पनि छ ।  भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सडक विस्तारको विषयमा १५ दिनभित्र लिखित जवाफ माग गर्दै आदेश जारी भएको छ । आदेशको मर्म रिटउपर भएको के हो ? भन्ने सम्बन्धमा बुझ्न सरोकारवालालाई छलफलमा बोलाइएको भनेर कानून ब्यवसायीले अर्थ लगाइरहेका छन् ।

सर्बोच्च अदालतमा बिचाराधीन भएको अवस्थामा डोजर चल्ने कि नचल्ने ? यो प्रश्न अनुत्तरित नै छ । न्यायालयले छलफलमा बोलाएको विषयलाई सडक विस्तार रोकिएको हल्ला पनि चलाईएको छ । अहिले नगरबासीको जिज्ञासा भनेकै साउन १६ मा के हुन्छ ? भन्ने हो । सडक डिभिजनले भने एक्साभेटर, डोजर र टिपर तयारी अवस्थामा राखेको जानकारी दिएको छ । सडक डिभिजन कार्यालयले आफूसँग विभिन्न प्रकारका सडक पूर्वाधार निर्माणमा प्रयोग हुने ठूला मेशिन (हेभि इक्यूपमेन्ट) तयारी हालतमा रहेको जानकारी दिएको छ । जसमध्ये २ वटा एक्साभेटर, २ वटा डोजर र ६ वटा टिपर साउन १६ गते हेटौंडा बजारमा उतार्ने गरी तयारी अवस्थामा राखिएको कार्यालय स्रोतले जानकारी दिएको छ । सडक डिभिजन कार्यालयको ३५ दिने सूचनाको अन्तिम म्याद साउन १५ गतेसम्म हो । यसअघिको रिटमा सर्वोच्च अदालतले २५ गजभित्र सडक भत्काउन आदेश दिइसकेकाले साउन १६ गते के हुने हो भन्ने बिषयमा सबैलाई चासो हुनु स्वभाबिक पनि हो । स्टेअर्डर जारी भएको बाहेकको घरमा डोजर चल्छ भनेर डिभिजन सडक कार्यालय ढुक्क छ ।  साउन १६ गतेपछि हेटौंडाबजार क्षेत्रभित्रका २५ गजभित्र पर्ने संरचनाहरु भत्किन्छ भन्नेमा सरकारी संयन्त्र ढुक्क छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडाको रातोमाटेदेखि राप्ति पुलसम्म अतिक्रमित संरचना हटाउन १० असारमा कार्यालयले सूचना जारी गरे यता घरधनी र व्यवसायी चिन्तित छन् । हेटौंडामा यसअघि २०७३ साल पुस १४ गते हेटौंडा बजार क्षेत्रमा पहिलो पटक सडक विस्तारका लागि डोजर चलेको थियो । त्यतिबेला समयमा मनहरीदेखि राप्तीरोडसम्मका घरटहरामा डोजर चल्यो । घरहरु भत्कियो । तर, जब राप्तीरोडमा रहेको नेपाल टेलिकमदेखि बजार क्षेत्रमा डोजर प्रवेश गर्न खोज्यो तब, हेटौंडाका त्यसक्षेत्रका बासिन्दा, स्थानीय ब्यवसायीले आन्दोलन गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन १३ गते शनिबार २९ जुलाई २०२३ । एकादशी, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:५३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका | तुला | : धार्मिक कार्यले फाइदा |
| वृष | : महत्वाकांक्षी योजना फलीभूत | वृश्चिक | : मन खिन्न बनाउन |
| मिथुन | : काममा परिवारको सहयोग | धनु | : दिन उत्साहपूर्ण बन्ने |
| कर्कट | : स्वास्थ्यमा कमजोरी | मकर | : नयाँ ज्ञान सिक्ने अवसर मिल्ने |
| सिंह | : उपचारमा खर्च | कुम्भ | : व्यावसायिक यात्राको सम्भावना |
| कन्या | : लेनदेनमा विवाद | मीन | : दाम्पत्य जीवन सुखद बन्ने |

# नवउदारवादको औचित्य र समयसापेक्षता माथिको प्रश्न



✍ डा. मिनेन्द्र रिजाल

सन् २००७ देखि अमेरिकाबाट सुरू भई पश्चिमा मुलुकमा २००९ सम्म फैलिएको मन्दीले पूँजीवादी अर्थव्यवस्था, मूलत: समकालीन रूपमा यसको आधारमा रहेको नवउदारवादका कमी-कमजोरीलाई उजागर गर्‍यो । सन् १९२९ बाट सुरू भएको विश्वव्यापी महामन्दीपछि अमेरिकी लगायत पश्चिमा अर्थतन्त्रलाई सबभन्दा गम्भीर रूपमा यो मन्दीले प्रभावित गर्‍यो । पूँजीवाद आफ्नै अन्तरविरोधले समाप्त हुनेछ भन्ने विश्वास राख्नेहरूले त यसैलाई नै पूँजीवादको अन्त्य निम्त्याउने संकटको रूपमा व्याख्या गरे ।

अझ, कोरोनाभाइरसको महामारीले सन् २०२० पछि सम्पूर्ण विश्वलाई नै थला पार्‍यो । त्यसपछि त नवउदारवादको विकल्प समयमै नसोच्ने हो भने आगामी दिनमा स्वास्थ्य क्षेत्रमा मात्र नभएर पूरै आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा गम्भीर चुनौती दिने निश्चित छ । यस्तो सम्भावित चुनौती के विकसित, के विकासशील सबै मुलुकले व्यहोर्नुपर्नेछ ।

अमेरिकी मार्क्सवादी लेखक थियर हदासले ‘अ पिपुल्स गाइड टू क्यापिटलिज्म: एन इन्ट्रोडक्सन टु मार्क्सिस्ट इकनोमिक्स’ मा प्रस्तुत निष्कर्ष यस्तै छ । उनको निष्कर्ष छ- विश्वव्यापी रूपमा बढ्दो असमानताका बीचमा मानव सभ्यता कोभिड महामारीबाट आक्रान्त हुन पुगेपछि सम्पन्न पश्चिमा मुलुकमा पनि व्याप्त वर्गीय असमानताको अँध्यारो सत्य हाम्रासामु उदाङ्गिएको छ ।

ओखतिमुलो पाउनेभन्दा नपाउनेले मृत्युको घात सबैभन्दा बढी व्यहोर्नुपर्ने यथार्थ कोभिड महाव्याधिले छर्लङ्ग बनाइदिएको छ । अर्कोतर्फ मानवीय संकटका बीच केही सीमित मानिस झन् बढी नाफा आर्जन गर्न सफल भए । डलर अर्बपतिको संख्या र सम्पत्ति घटेन । यस अर्थमा विद्यमान अर्थ व्यवस्थाका कारण धेरैको मूल्यमा केही सीमितले अद्भुत नाफा कमाउने अवस्था रहृयो । मार्क्सवादी भाष्यमा भन्ने हो भने वस्तुको उपयोग-मूल्यमाथि यसको विनिमय मूल्यको आधिपत्य छ ।

अमेरिकी इतिहासका प्राध्यापक ग्यारी गर्स्टल लिखित पुस्तक ‘द राइज एण्ड फल अफ निओलिबरल अर्डर: अमेरिका एण्ड वर्ल्ड इन द फ्रि मार्केट एरा’ सन् २०२२ मा प्रकाशित भएपछि पूँजीवादी समाजको मूलधारमा रहेका प्राज्ञबीच पनि आगामी दिनमा राजनीतिक, आर्थिक दर्शनले कुन स्वरूप ग्रहण गर्ला भन्ने बहस, छलफल महत्वपूर्ण हुन पुगेको छ ।

नवउदारवादीको भविष्यबारे चर्चा गर्नुअघि, यो राजनीतिक, आर्थिक दर्शन-विचार का मूल सिद्धान्त र आधारबारे केही छलफल गरौं । इन्साइक्लोपेडिया ब्रिटानीका अनुसार नवउदारवादलाई निम्नलिखित विश्वासका आधार मा चित्रण गर्न सकिन्छ:

- मानव विकास हासिल गर्ने साधनका रूपमा अनवरत आर्थिक वृद्धि,
- स्रोत वितरणको सबैभन्दा कुशल निर्धारकका रूपमा खुला बजार व्यवस्था,
- आर्थिक र सामाजिक कार्यमा राज्यको न्यूनतम हस्तक्षेप रहोस् भन्ने जोड-बल, र
- व्यापार र पूँजीको स्वतन्त्रताप्रतिको प्रतिबद्धता ।

नवउदारवादले आफ्नो उद्देश्य प्राप्त गर्न निजीकरण, स्वतन्त्र विदेशी मुद्रा विनिमय प्रणाली, खुल्ला व्यापार, सार्वजनिक खर्च कटौती र यसको परिमाणस्वरूप सामाजिक सेवाको क्षेत्रमा सार्वजनिक/सरकारी कार्यक्रमको कटौतीलाई मूल आधारका रूपमा अंगीकार गर्दछ ।

सन् १९९० को दशकमा सोभियत युनियनमा र यसको प्रभावमा रहेका मुलुकहरूमा कम्युनिस्ट शासनको समाप्तिपछि यस कार्यको लागि मूल नेतृत्व प्रदान गर्ने अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरको उदय भयो । रेगन र थ्याचरको राजनीति-अर्थनीतिलाई अर्थशास्त्री मिल्टन फ्रिडमनको मौद्रिक आर्थिक सिद्धान्तले प्राज्ञिक र दार्शनिक आधार प्रदान गर्‍यो ।

नवउदारवादी दर्शन/अर्थ व्यवस्थाको आरोहणसँग सन् १९९० देखि जोन मेनर्ड केन्सको मूल सोचमा स्थापित अन्तर्राष्ट्रिय दातृ संस्था विश्व बैंक र इन्टरनेशनल मोनिटरी फन्ड (आईएमएफ) ले पनि वासिंटन सहमतिको ‘उदारीकरण’, ‘बजारीकरण’, ‘विश्वव्यापीकरण’ नवउदारवादी अर्थनीतिको धार समाते । फ्रान्सिस फुकुयामाले ‘द इण्ड अफ हिस्ट्री एण्ड द लास्ट म्यान’ मा लेखे झैं इतिहास र सभ्यताको अन्तिम विन्दुका रूपमा राजनीति र अर्थनीति दुवैमा उदारवाद स्थापित भएको बेला हो, त्यो । सीमित स्रोत र साधन भएको वैदेशिक सहायताप्रतिको निर्भरता र त्यसमा पनि सार्वजनिक ऋणको अत्यधिक भार र सार्वजनिक संस्थाको खर्चको बोझमा परेको नेपाल जस्तो मुलुकले दातृ संस्थाले भने भन्दा पृथक् आर्थिक नीति अपनाउने आँट गर्न संभव पनि र औचित्य पनि थिएन ।

नवउदारवादले बजार अर्थतन्त्रमा अन्तरनिहित प्रतिस्पर्धात्मक क्षमतामाथि विश्वास गर्दछ । हुनत: दोस्रो विश्वयुद्धपछि जर्मनीमा रहेको ओर्डो-लिवरलिज्म वा अन्यत्र रहेको इम्बेडेड-लिवरलिज्मलाई राजनीतिक उदार वादमा आधारित अर्थतन्त्रमा प्रतिस्पर्धालाई अनुभूत गराउनका लागि राज्यले खेल्ने भूमिकालाई स्वीकार गर्ने सिद्धान्त, अर्थात् किन्सद्वारा प्रतिपादित कुल माग अभिवृद्धि गर्ने सिद्धान्त भनी बुझ्नु उपयुक्त हुन्छ । यसको ठिक विपरीत अर्थतन्त्रलाई सरकारको हस्तक्षेपकारी भूमिकाबाट पृथक् राख्ने सिद्धान्त नवउदारवादी चिन्तन हो । नवउदारवादी चिन्तनलाई विकसित गर्न अस्ट्रियन अर्थशास्त्रीहरूको फ्रेडरिक हायकको पुस्तक द रोड टू सर्फडम र लुडभिग वान मिसका लेख-रचनाको अत्यन्त महत्वपूर्ण योगदान छ ।

नवउदारवादी विचार प्रवर्धन गर्न अमेरिकाको शिकागो विश्वविद्यालय र यसको स्कुल अफ इकोनमिक्सको अत्यन्त महत्वपूर्ण भूमिका रहृयो । यो स्कुलका पहिलो चरणका विद्वानहरू, उदाहरणका लागि हेनरी साइमन्सको जोड चाहिं प्रतिस्पर्धात्मक अर्थ-व्यवस्थालाई सुनिश्चित गर्नेतर्फ थियो । हायकको विश्वास थियो कि आर्थिक उदारवादको पक्षमा आमनागरि कबीचको समर्थन व्यापक रूपमा विस्तार गर्न पहिले बौद्धिक र प्राज्ञिक समुदायको समर्थन जुटाउन आवश्यक छ । यस्तो समर्थनलाई उद्योगी-व्यवसायी, राजनीतिक नेतृत्व र प्रशासनतन्त्रमा विस्तारित गर्नुपर्दछ । यसका लागि विश्वविद्यालयका अनुसन्धान र निष्कर्षलाई ‘थिंकट्यांक’ संस्थाहरू मार्फत आम पहुँचमा पुर्‍याउन सकिन्छ । यिनै उद्देश्यका साथ सुरूमा प्राज्ञिक समुदायका बीच हायकको अग्रता र उनका अग्रज वान मिसको समर्थनमा मोन्ट पेलेरिन सोसाइटीको स्थापना गरियो । त्यसपछि बेलायतमा एडम स्मिथ इन्स्टिच्युट र अमेरिकामा द हेरिटेज फाउन्डेसन, केटो इन्स्टिच्युट, अमेरिकन इन्टर प्राइज इन्स्टिच्युट, द जोन बर्च सोसाइटी जस्ता थुप्रै थिंकट्यांक संस्था स्थापना भए । ती संस्थाहरूले आफ्नो संजाल र प्रभाव विश्वव्यापी रूपमा बनाएका छन् ।

यस स्कुलका दोस्रो पुस्ताका अर्थशास्त्री मुख्यत: फ्रिडमनको मूल जोड सरकार अर्थतन्त्रका चुनौतीलाई ध्यानमा राख्दै वस्तु र सेवाको सार्वजनिक मागलाई व्यवस्थापन गर्नु सट्टा दीर्घकालीन रूपमा तटस्थ मौद्रिक नीति अवलम्बन गर्नुपर्नेमा रहृयो । यो नीतिले परोक्ष रूपमा अर्थतन्त्रमा प्रतिस्पर्धाको विस्तार गौण बनाउन र खुला बजार नीतिको पृष्ठपोषण गर्न थाल्यो । नवउदारवाद बारे थप छलफल गर्नुअघि दोस्रो विश्वयुद्धपछि सर्वसम्मत जस्तै गरी कायम रहेको अर्थ व्यवस्थाबारे केही कुरा गर्नु उपयुक्त हुन्छ ।

सन् १२२९ मा सुरू भएको विश्वव्यापी महामन्दी, त्यसको अमेरिका लगायत पश्चिमा लोकतान्त्रिक मुलुकहरूले अर्थतन्त्रमा परेको गम्भीर नकारात्मक असरबाट जनजीवनमा राहत पुर्‍याउन किन्सको सार्वजनिक खर्च बढाउने विस्तारकारी वित्तीय नीतिले अवलम्बन गरे । लगानी र उपभोगलाई गुणात्मक वृद्धि गर्ने भएकाले सरकारी खर्चको यस्तो सञ्चित प्रभावलाई गुणक प्रभाव भन्ने संज्ञा दिइन्छ । यस नीतिको मूलमा सार्वजनिक माग संकुचित भएको बेला सरकारी खर्च बढाउने र अधिक भएको बेला संकुचनकारी सार्वजनिक वित्त नीति अनुसरण गर्ने हुन्छ । महामन्दीबाट सृजना भएको अत्यधिक बेरोजगारी र अन्य दुष्प्रभावबाट मुलुकहरूलाई मुक्त गर्ने भौतिक पूर्वाधार निर्माणका लागि सरकारी खर्चको अत्यधिक वृद्धि गर्नुका साथै अर्थतन्त्रको आरोह-अवरोहको चक्रबाट नागरिकको रोजगारी र दैनिक जीवनमा पर्ने दुष्प्रभाव कम गर्न सरकारी नियमन, हस्तक्षेप र सामाजिक सुरक्षाका कार्यक्रम विस्तार गर्ने रहृयो ।

यसै सोचको आधारमा आर्थिक विकास, गरिबी निवारण, असमानता न्यूनीकरण र सामाजिक कल्याणको क्षेत्रमा तत्कालै सन् १९३० को दशकमा अमेरिकामा राष्ट्रपति फ्राङ्कलिन रूजवेल्टको कार्यकालमा सुरु गरिएको ‘द न्यू डिल’ नीति अपनाइयो । बेलायतमा प्रधानमन्त्री क्लमेन्ट एटलीले सोही सोचका कार्यक्रम लागू गरे ।

रूजवेल्टको नीति विस्तारित र परि मार्जित स्वरूपमा सन् १९६० को दशकमा अर्का अमेरिकी राष्ट्रपति लिन्डन जोन्सनको कार्यकालमा ‘द ग्रेट सोसाइटी’ नीतिको रुपमा अपनाइयो । दुवै देशमा यी कार्यक्रमहरू अभूतपूर्व रूपमा सफल रहे । अन्य पश्चिमा लोकतान्त्रिक मुलुकहरूमा त्यस प्रकारका सामाजिक सुरक्षाका कार्यक्रम मार्फत उल्लेख्य उपलब्धि हासिल भयो ।

अझ, विशेषत: लोकतान्त्रिक समाजवादको बलियो प्रभाव रहेका अन्य युरोपेली मुलुक र बीसौं शताब्दीको सुरूदेखि अद्यावधिक मूलत: लोकतान्त्रिक समाजवाद अवधारणाबाट संचालित स्विडेन, नर्वे, डेनमार्क, फिनल्यान्ड जस्ता स्क्यान्डेभियन मुलुकमा गरिबी निवारण र असमानता न्यूनीकरणमा प्राप्त सफलताबाट विश्वभरि नै कायम राजनीतिक दर्शन र विचार प्रभावित भयो । आमरूपमा आफूलाई लोकतान्त्रिक समाजवादी भनेर चिनाउने चलन चल्यो । दोस्रो विश्वयुद्धपछि स्वतन्त्रता प्राप्त गर्ने मुलुकका नागरिकबीच मार्क्स र उनको दर्शनप्रति अभिरूचि, झुकाव र आकर्षण बढ्यो । उनको दर्शनलाई मूल आधारमा राखेर लेनिनको नेतृत्व बोल्सेभिक क्रान्ति मार्फत रूसमा कम्युनिस्ट शासन स्थापना भयो । रुसको प्रभावमा पूर्वी युरोपका मुलुकहरूमा पनि कम्युनिस्ट शासन स्थापना भयो । सोभियत संघको गठनसँगै उत्पादनका सबै साधन माथि राज्यको नियन्त्रण र राजनीतिक-आर्थिक व्यवस्थामा राज्यको पूर्ण नियन्त्रण सहित सर्वहाराको अधिनायकत्वको बाटो मार्फत अन्तत: मार्क्सले कल्पना गरे झैं राज्यविहीन ‘युटोपियन अर्डर’ निर्माण गर्ने बाटोमा कम्युनिस्ट मुलुकहरू अगाडि बढे ।

राज्यको पूर्ण नियन्त्रण कायम रहने र व्यक्तिका स्वतन्त्रता कुण्ठित गरिने यो राज्य प्रणाली पश्चिमा लोकतान्त्रिक मुलुकले अवलम्बन गरेको लोकतान्त्रिक शासन व्यवस्थाको ठिक विपरीत थियो । सोभियत युनियनमा स्टालिनको समयकाल र चीनमा माओको सांस्कृतिक क्रान्ति ताकाको हिंसा, आतंक र नरसंहार, विशेषत: प्रवास (मेक्सिको) मा बस्न बाध्य तुल्याइएका विद्रोही सोभियत नेता लिओन ट्राटस्कीको हत्यापछि दुनियाँका धेरै देशमा भयको शासन विस्तारित भयो ।

यस्तो परिस्थितिले युरोपेली लोकतान्त्रिक समाजवादीबीच उदारवादी राजनीतिक आधार बेगरको कम्युनिस्ट शासन प्रणालीसँग आफूलाई वैचारिक रूपमा अलग्गै उभ्याउने चेतना र अपरिहार्यता टड्कारो रूपमा खडा भयो । भारतमा पनि यसको प्रभाव राममनोहर लोहिया र जयप्रकाशनारायणको नेतृत्वमा तथा उहाँहरूको प्रभावमा नेपालमा पनि बीपी कोइरालाको नेतृत्वमा प्रजातान्त्रिक सामाजवादी राजनीति विकास भयो ।

यसअघि नै चर्चा गरिए झैं महामन्दी, विशेषत: दोस्रो विश्वयुद्धको समाप्तिपछिदेखि सन् १९७० को दशकसम्म अर्थतन्त्रमा सरकारको हस्तक्षेपकारी भूमिका विश्वव्यापी रूपमा सर्वसम्मत रहृयो । तर सन् १९७० को दशकमा मध्यपूर्वको युद्धपछि यस क्षेत्रका ओपेक राष्ट्रहरूको एकाधिकार जस्तो उत्पादनमा रहेको खनिज तेल मूल्य कैयौं गुणा बढ्यो । परिणामस्वरूप खनिज तेल अत्यधिक आयात गर्ने पश्चिमा मुलुकको अर्थ व्यवस्था महँगीको चपेटामा पर्‍यो । फलस्वरूप, यी मुलुकमा बेरोजगारीको अत्यधिक वृद्धि भयो । यसबाट अर्थशास्त्री विलियम फिलिप्सले विकसित गरेको सिद्धान्त, जसलाई उनकै नामबाट नामकरण गरियो फिलिप्स कर्वमा चित्रण गरिए झैं बेरोजगारी र महँगीबीच विपरीतात्मक सम्बन्ध रहेको विश्वासमा गलत साबित भयो ।

यसको साथै सरकारी खर्च बढाएर अर्थात् सरकारी हस्तक्षेपबाट कुल मागको वृद्धि गरी अर्थतन्त्रलाई ह्रासको चक्रबाट उम्काउन सकिन्छ भन्ने विश्वास पनि समाप्त भयो । यस दुरवस्थाबाट अमेरिकी अर्थतन्त्रलाई मुक्त पार्न डेमोक्र्याट राष्ट्रपति जिम्मी कार्टरले नै वायुसेवा, रेल यातायात सेवा, ट्रक परिवहन, बैंक व्यवसाय तथा खुला विनिमयको नीति अख्तियार गरे ।

सन् १९८० मा उनलाई पराजित गरी निर्वाचित नवउदारवादी रिपब्लिकन राष्ट्रपति रेगनको कार्यकालमा कर, विशेषत: ठूला करदाताले तिर्नुपर्ने करका दर घटाउने, राष्ट्रिय प्रतिरक्षा खर्च वृद्धि, विस्तारित वित्तीय विनिमय तथा बजेट घाटाको नीति सुरू हुनु स्वाभाविक नै थियो । अमेरिकामा झैं, तर अझ केहीअघि बेलायतमा पनि प्रधानमन्त्री थ्याचरको कार्यकालमा यी सबै लगायत निजीकरण र खुला विदेशी विनिमय नीतिमा सुरू भयो । सोभियत युनियनको पतनपछि रेगन र थ्याचरका कार्यकालमा नवउदारवादी नीति पश्चिमा मुलुकमा सर्वसम्मत झैं हुन पुग्यो ।

नवउदारवादले आर्थिक क्षेत्रमा बन्धन रहँदासम्म राजनीतिक स्वतन्त्रता साँचो अर्थमा प्रत्याभूत हुन सक्दैन र राजनीतिक स्वतन्त्रता विद्यमान भएतापनि छिट्टै गुम्ने जोखिम हुन्छ भन्ने सैद्धान्तिक अवधारणा राख्दछ । यस अर्थमा नवउदारवादी आर्थिक दर्शनले मार्क्सको सिद्धान्तका आधारमा स्थापित सोभियत संघ जस्ता मुलुकमा साविकमा कायम सर्वहारा वर्गको अधिनायकत्वमा स्थापित राज्य व्यवस्था अन्तर्गत संचालित केन्द्रीकृत योजनाबद्ध विकासको अवधारणालाई मात्र होइन, पश्चिमा लोकतन्त्रमा सन् १९७० को दशकसम्म झण्डै-झण्डै सर्वस्वीकृत झैं रहेको किन्सको बेरोजगारीलाई सक्दो न्यूनतम विन्दुमा राख्न आवश्यक कुल माग व्यवस्थापन सुनिश्चित गर्ने राज्यको हस्तक्षेपकारी सिद्धान्तको पनि प्रतिवाद गर्दछ । पश्चिमा लोकतान्त्रिक मुलुकमा नवउदारवादी दर्शन चुनौतीरहित रूपमा स्थापित भएसँगै वैदेशिक सहायतामा निर्भर विकासशील मुलुकहरू पनि आईएमएफको संरचनागत सुधारका कार्यक्रम र विश्व बैंकको कर्जाका शर्तहरूमा अन्तर्निहित नवउदारवादी आर्थिक नीति अपनाउन बाध्य भए ।

सन् १९८० र १९९० को दशकमा यी नीतिका कारण थुप्रै मुलुकमा महँगी नियन्त्रण गर्न, सार्वजनिक संस्थानहरूको ऋणको बोझिलो वित्तीय भारबाट मुक्त पार्न र अर्थतन्त्रलाई चलायमान बनाउन अपेक्षित सफलता प्राप्त भयो । गरिबी निवारणको दिशामा, विशेषत: एशियाली मुलुकहरूमा अत्यन्त उल्लेख्य सफलता प्राप्त भयो । निजीकरण, खुला विदेशी मुद्रा विनिमय, निर्यात प्रवर्धन जस्ता नीतिसँगै के विकसित, के विकासशील सबै मुलुकको अर्थतन्त्रको वित्तीयकरणको प्रक्रिया सघन रूपमा प्रारम्भ भयो । निजी स्वामित्वले व्यापार व्यवसायलाई अत्यन्त कुशलतापूर्वक संचालन गर्ने आधार प्रदान गर्दछ भन्ने विश्वास घनीभूत भयो ।

सामाजिक सुरक्षा र शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइका क्षेत्रबाट सरकार हट्ने तथा ठूलठूला उद्योग-व्यवसाय संचालनको क्षेत्रमा लगभग पूर्ण रुपमा निजी क्षेत्रको भूमिका स्वीकार गर्न थालियो । भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा पनि निजी क्षेत्रको भूमिका सघन रूपमा विस्तारित हुन थाल्यो । गरिबी निवारणको क्षेत्रमा भएको उल्लेख्य उपलब्धिका बावजुद गरिब र धनीबीचको असमानता बढ्न थाल्यो । मितव्ययी सरकारी खर्चको नीतिका कारण शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा हुने सरकारी लगानी कम हुन थाल्यो ।

यी सबै कठिनाइ चुलिँदै गर्दा भर्खरै लोकतन्त्र स्थापना/पुनर्स्थापना भएकामध्ये एक चौथाइ जति मुलुक सन् १९९० को उत्तरार्धदेखि २००० को पहिलो दशकसम्ममा विभिन्न खाले सशस्त्र द्वन्द्वको चपेटामा पर्न थाले । लोकतान्त्रिक शासन व्यवस्था संकुचित हुन थाल्यो ।

विकसित मुलुकका बहुराष्ट्रिय कम्पनीहरूलाई पनि आफ्ना कारखाना विकासशील मुलुकमा स्थानान्तरण गरेर सस्तोमा वस्तु उत्पादन गर्ने अवसर प्राप्त भयो । विकसित मुलुकका उत्पादनमूलक उद्योग बन्द हुन थाले । ती उद्योगमा काम गर्ने मजदुर बेरोजगारीको चपेटामा पर्न थाले । अर्कोतर्फ त्यसरी आफ्नो उद्योग विकासशील मुलुकमा सार्ने विकसित मुलुकका बहुराष्ट्रिय कम्पनीका लगानीकर्ताको व्यावसायिक मुनाफा झन्-झन् चुलिन थाल्यो ।

बढ्दो असमानताका बीच धनी राष्ट्रमा उग्र दक्षिणपन्थी राजनीतिक विचारतर्फ बेरोजगार मतदाताको आकर्षण बढ्न थाल्यो । विकासशील मुलुकमा पनि कट्टरपन्थी राजनीतिको प्रभाव विस्तारित हुन थाल्यो । विश्वव्यापी रूपमा नै अन्तर्राष्ट्रिय आतंकवादको समस्या विस्तारित हुन थाल्यो । अभाव र उग्रताको राजनीति धनी र सम्पन्न राष्ट्रका लागि पनि जोखिमपूर्ण बन्न पुग्यो । फलत: विकसित पश्चिमा राष्ट्रहरू पनि गरिब र विकासशील मुलुकका समस्याबाट विमुख भएर बस्न सक्ने अवस्था रहेन ।

यस परिप्रेक्ष्यमा सन् १९९० को दशकको उत्तरार्धमा गरिबी निवारण, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ लगायत क्षेत्र समेटिएको सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्नका लागि विकासशील मुलुकहरूलाई सहयोग गर्न विकसित मुलुकहरू तयार हुन थाले । साथै, सन् २००७ को अन्त्यतिर अमेरिकामा आवास कर्जामा आइपरेको संकट र अधिक वित्तीयकरणको प्रभाव युरोपका सबैजसो विकसित मुलुकहरूमा विस्तारित भएपछि नवउदारवादी अर्थतन्त्रको संरचनागत समस्या उदाङ्गो हुन पुग्यो ।

यस सन्दर्भमा यो लेख टुङ्ग्याउनु अघि फेरि गर्स्टलको माथि उल्लेखित पुस्तकबारे चर्चा गर्नु उपयुक्त हुन्छ । उनी भन्छन्, एउटा राजनीतिक युगले विचारधारा, नीति र समर्थनको व्यापक जनाधारको त्यस्ता आभा-मण्डललाई जनाउँछ, जो एक, दुई वा तीन निर्वाचन चक्रमा मात्र सीमित हुन्छ । यसले राजनीति मात्र होइन, समाजलाई पनि एउटा आधार प्रदान गर्दछ । एउटा दलको नेता पराजित भएर अर्को दलको नेता निर्वाचित भए पनि यसरी विकसित राजनीतिक विचारधारा र नीतिमा परिवर्तन आउँदैन । उदाहरणका लागि महामन्दी र दोस्रो विश्वयुद्ध पछिको आर्थिक दर्शनबाट प्रभावित अमेरिकामा डेमोक्र्याट राष्ट्रपति रुजवेल्टद्वारा प्रतिपादित द न्यू डिल युगका कार्यक्रमको श्रृंखला त्यहाँ रिपब्लिकन ड्वाइट आइजनहावरको पालामा सन् १९५० को दशकमा झन् विस्तारित भयो ।

त्यस्तै बेलायतमा लेबर पार्टीका प्रधानमन्त्री एटलीको पालामा सुरू भएको सामाजिक सुरक्षा र समाज कल्याणका कार्यक्रम त्यसपछिका कन्जरभेटिव प्रधानमन्त्रीको कालमा पनि विस्तारित भए वा कायम रहे । त्यस्तै राष्ट्रपति रेगनको पालामा सघन रूपमा अमेरिकामा स्थापित नवउदारवादी कार्यक्रमहरू पछि डेमोक्र्याट राष्ट्रपति बिल क्लिन्टनको कार्यकालमा र बेलायतमा प्रधानमन्त्री थ्याचरका नवउदारवादी कार्यक्रमहरू लेबर प्रधानमन्त्री टोनी ब्लेयरको कार्यकालमा थप सघन र विस्तारित हुनपुगे ।

तर अब सन् २०१० को दशकदेखि विश्वव्यापी रूपमा चरम रूपमा बढ्न थालेको गरिब-धनी बीचको असमानता, मध्यमवर्गमा रहेको निराशा र बेरोजगारीको आडमा मौलाउन थालेको उग्र दक्षिण र उग्र वामपन्थी राजनीति विश्वव्यापी रूपमा बढ्दो आतंकवाद, तत्कालको नाफामा केन्द्रित अदूरदर्शिताबाट द्रुत रूपमा बढ्न थालेको जलवायु परिवर्तन र यसबाट सृजित वातावरण विकास र सुकुम्बासी समस्या आदिको नवउदारवादी युगको पनि अन्त्य हुने गर्स्टलको पुस्तकको निष्कर्ष छ । यस अर्थमा पनि अब नवउदारवादको युगको अवरोह भएको छ भन्ने गर्स्टलको निष्कर्षमाथिको विचार-विमर्श औचित्यपूर्ण र समयसापेक्ष छ ।

*(साभार: अनलाइनखबर)*

# मौद्रिक नीतिलाई आईएमएफको समर्थन

## आर्थिक वृद्धि लयमा फर्कने विश्वास




काठमाडौं/नेपाल राष्ट्रबैंकले हालै ल्याएको मौद्रिक नीतिलाई अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) ले समर्थन गरेको छ ।

आईएमएफको एसिया प्यासिफिक डिभिजनका उपप्रमुख टिडियन किन्डाले नेपाल भ्रमणपछि जारी गरेको वक्तव्यमा मौद्रिक नीति सावधान र तथ्यांकमा आधारित रहेको र यसले मूल्य तथा बाह्य क्षेत्र स्थायित्व कायम गर्न उचित अडान लिएको उल्लेख गरेका छन् ।

'मौद्रिक नीतिले बैंकहरूको सम्पत्तिको गुणस्तरमा निरन्तर निगरानी गर्ने र पर्यवेक्षकीय प्रयासहरूलाई बढाउनु वित्तीय स्थायित्व जोगाउन महत्वपूर्ण छ', किन्डाले आफ्नो वक्तव्यमा उल्लेख गरेका छन् ।

साथै, अघिल्लो वर्ष सुस्त भएको आर्थिक चालु आर्थिक वर्षमा पुरानै लयमा फर्कने (रिबाउन्ड) प्रक्षेपण रहेको पनि आईएमएफले जनाएको छ । 'त्यस्तै, मुद्रास्फीति घट्ने अपेक्षा गरिएको छ र बाह्य स्थिति सुदृढ हुने क्रम जारी रहनेछ', वक्तव्यमा उल्लेख छ ।

यद्यपि, वित्तीय स्थायित्व सुनिश्चित गर्न चालू आर्थिक वर्ष २०८०/८१ को बजेटको विवेकपूर्ण कार्यान्वयन महत्वपूर्ण हुने पनि आईएमएफले जनाएको छ । 'आर्थिक वर्ष २०२३-२४ को बजेटमा प्रस्ताव गरिएको सुधारका उपायहरू पूर्ण रुपमा कार्यान्वयन हुँदा पूँजीगत खर्चको दक्षतामा सुधार हुनेछ', विज्ञप्तिमा उल्लेख छ ।

उनको मिसनले आईएमएफको प्राविधिक सहयोगमा कोषका कार्यक्रमअन्तर्गत प्रमुख प्रतिवद्धताहरू पूरा गर्न नेपाली अधिकारीहरूको निरन्तर प्रयास गरि रहेको र त्यो स्वागतयोग्य रहेको पनि किन्डाले उल्लेख गरेका छन् ।

विस्तारित ऋण सुविधा (ईसीएफ)को तेस्रो समीक्षाका बेला आईएमएफको कार्यक्रमअन्तर्गतका प्रदर्शनको औपचारिक रूपमा मूल्यांकन गरिने विज्ञप्तिमा उल्लेख छ ।

किन्डा नेतृत्वको टोलीले साउन ४ देखि १० सम्म नेपालको भ्रमण गरेको थियो । भ्रमणका क्रममा टोलीले अर्थमन्त्री डा. प्रकाशशरण महत, गभर्नर महाप्रसाद अधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, अन्य सरकारी अधिकारीहरु, निजी क्षेत्र तथा विकास साझेदारहरुसँग भेटघाट गरेको थियो ।

# बागमती प्रदेशमा सार्वजनिक सवारीको भाडा घट्यो

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ बागमती प्रदेश सरकारले सार्वजनिक सवारीसाधनको भाडा घटाएको छ । असार ११ गते विहीबारबाट लागू हुने गरी बागमती प्रदेशले नयाँ भाडादर समेत निर्धारण गरेको छ ।

प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालय मन्त्रीस्तरीय निर्णयअनुसार भाडा घटाइएको । सरकारले उपत्यका बाहेकका प्रदेशका जिल्लाभित्र संचालनमा आउन सवारी साधनमा गत जेठ ११ गतेदेखि लागु गरेको भाडादरमा २.३० प्रतिशत भाडा घटाएको छ । यात्रुले यो भाडादरमा १५ किलोग्रामसम्मको सामान नि:शुल्क र सोभन्दा बढीको प्रति १० किलोग्रामको ५ रुपैयाँ दरले भाडा तिर्नुपर्ने गरी भाडादर तोकिएको छ ।

नयाँ भाडादरअनुसार काठमाडौं उपत्यकाभित्रका सार्वजनिक सवारीसाधनको भाडा १ रुपैयाँले घटेको छ । यसअघि ५ किलोमिटर सम्मको १९ रुपैयाँ रहेकोमा अहिले १८ रुपैयाँ कायम गरिएको छ ।

यस्तै १० किलोमिटर सम्मको भाडा २५ रुपैयाँबाट घटाएर २४ रुपैयाँ कायम गरिएको छ । १५ किलोमिटरसम्म यात्रा गर्दा पहिला ३० रुपैयाँ रहेकोमा अहिले २९ रुपैयाँ तोकिएको छ । यस्तै, २० किलोमिटरसम्मको भाडा पहिला ३३ रुपैयाँ रहेकोमा अहिले ३२ रुपैयाँ तय गरिएको छ । २० किलोमिटर भन्दा लामो दूरीको भाडा पहिले ३८ रुपैयाँ रहेकोमा अहिले ३७ रुपैयाँ तोकिएको छ ।

# साउन र भदौमा रास्वपाले सातै प्रदेशमा प्रशिक्षण सक्ने

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टीले साउन र भदौलाई कार्यकर्ता प्रशिक्षणको महिना बनाएको छ । कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको प्रशिक्षण साउनमा गरिने भएको छ । बाँकी तिन प्रदेशमा भदौमा गरिने भएको छ ।

रास्वपाले कोशी र लुम्बिनीको प्रशिक्षण सकिसकेको छ । गण्डकी प्रदेशको प्रशिक्षण साउन २६ र २७ पोखरामा हुने तय भएको छ भने सुदूरपश्चिमको प्रशिक्षण धनगढीमा साउन १९ र २० का लागि तोकिएको छ ।

शुक्रबार र शनिबार (साउन १२ र १३) हेटौडामा गर्ने भनिएको प्रशिक्षणको मिति स्थगित गरिएको छ । बागमती सहित मधेस र कर्णालीको प्रशिक्षण भदौमा गरिने गरि पुन मिति तय हुने प्रशिक्षण विभागका सचिव कमल सुवेदीले जानकारी दिए । पहिले निर्धारित समय अनुसार भदौ १ र २ मधेस र भदौ ८ र ९ कर्णालीको प्रशिक्षण गर्ने तय भएको थियो । तिन प्रदेशको प्रशिक्षण भदौमा गर्ने गरि अर्को मिति सार्वजनिक गरिने सुवेदीले जानकारी दिए ।

प्रशिक्षणमा सहभागी हुनेहरुमा प्रदेश कमिटीका सदस्य, निर्वाचन क्षेत्र समिति, पालिकाका पार्टी अध्यक्ष, सम्बन्धित क्षेत्रको सांसद, केन्द्रीय सदस्य लगायत सहभागी हुनेछन् ।

# २ नम्बर वडा डेंगीनियन्त्रण अभियानमा जुट्यो

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ मकवानपुरको मनहरी गाउँपालिकाले लामखुट्टेको टोकाइबाट संक्रमित हुने डेङ्गी रोग नियन्त्रणका लागि 'डेङ्गी खोज र नष्ट गर' अभियान सुरु गर्ने भएको छ । पछिल्लो समय बढ्दै गरेको डेङ्गी रोग नियन्त्रणका लागि गाउँपालिकाले अभियान सुरु गर्ने भएको हो ।



गाउँपालिका भित्र क्रियाशील विभिन्न संघ संस्थाहरु, टोल विकास, सहकारी, वन उपभोक्ता समितिलगायत सरकारी तथा गैरसरकारी संस्थाहरुको सहयोगमा सरसफाई तथा जनचेतनामूलक कार्यक्रम गर्ने बताइएको छ । वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले यस अभियानमा नेतृत्व गरी लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्न सबै पक्षलाई आग्रह गरिएको छ । अभियान सञ्चालन भएपश्चात डेङ्गी रोग नियन्त्रण मात्र नभई समाजमा वातावरण सफा र स्वच्छ रहने गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेतीले बताए ।

उनले विशेषगरी वर्षायाममा डेङ्गी रोगको महामारी देखिने गरेकोले बेलैमा सचेत रहन गाँउबासीमा अनुरोध गरे । बालबालिका र वयोबृद्धाहरुमा बढी निगरानी राख्नहुन समेत उनले आग्रह गरे । घरवरिपरी सफा राख्नुका साथै पानी जम्ने खाल्डाखुल्डी पुर्ने, लामखुट्टेको वृद्धिविकास हुने स्थानहरु नष्ट गर्ने जस्ता क्रियाकलाप गर्न अध्यक्ष कालाखेतीले सबैलाई अनुरोध गरे ।

*"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो"*

## ावपूर्ण श्रद्धाञ्जल



जन्मः
२०३४ चैत्र २३ गते

स्वर्गारोहणः
२०८० असार ३१ गते

**स्वः राजन पौडेल**

हाम्रा प्यारो सुपुत्र, पति, पिता **राजन पौडेल** को ४५ बर्षको अल्पायुमा दु:खद् निधन भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं । दु:खको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धु बान्धव र आफन्तजनप्रति हार्दिक आभार प्रकट गर्दै अन्त्येष्ठीका क्रममा सागरमा पाल्नुहुने तथा घरमै आई समवेदना प्रकट गर्नुहुने महानुभावहरुलाई पितृप्रसाद ग्रहणको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**कार्यक्रम :**
**मिति** : २०८० साउन १२ गते शुक्रबार
**समय** : दिनको २:०० बजे
**स्थान** : हेटौंडा-२, मानसचोक (आफ्नै निवास, कालिका स्टेशनरी)

**बुबा/आमाः**
**नारायणप्रसाद पौडेल**
**सिता पौडेल**

धर्मपत्नीः **सुष्मा पौडेल**

**दाजु/भाईहरु :**
देवराज पौडेल, शारदा पौडेल
शिवराम पौडेल, सविना पौडेल

छोरा/छोरीः **सौम्य, प्राप्ती पौडेल**

असमर्थताकं

*एवम्*

## समस्त पौडेल परिवार

हेटौंडा-२, मानसचोक

# कोशीका मुख्यमन्त्री उद्धव थापाको नियुक्ति बदर

काठमाडौं/सर्वोच्च अदालतले कोशी सरकारको मुख्यमन्त्रीमा उद्धव थापाको नियुक्ति बदर गरिदिएको छ । साथै ७ दिन समय दिएर संविधानको धारा १६८(२) अनुसार नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढाउन प्रदेश प्रमुखको नाममा परमादेश समेत दिएको छ । न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्ण इजलासले सभामुखको समर्थनमा सरकार गठन गर्नु संविधान र संसदीय मूल्यमान्यता विपरीत हुने ठहर गरेको छ ।

२१ असारमा कांग्रेस संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्री पदमा दाबी गर्दा सभामुख बाबुराम गौतमको समेत समर्थन पेश गरेका थिए भने प्रदेश प्रमुख परशुराम खापुङले थापालाई मुख्यमन्त्री नियुक्त गरेका थिए । तटस्थ भूमिकामा रहेका सभामुखको समर्थनबाट सरकार बन्नु गैरकानुनी भन्दै तर नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले सर्वोच्चमा रिट दिए ।

रिटको सुनुवाइपछि पूर्ण इजलासले प्रदेशसभाको सभामुख पद राजनीतिक रुपमा तटस्थ र निष्पक्ष रहनुपर्ने औंल्याएको छ । सर्वोच्चले सभामुख पदमा रहने व्यक्तिको कुनैपनि प्रकारको राजनीतिक पक्षधरता नहुने उल्लेख गर्दै संक्षिप्त आदेशमा भनेको छ, 'प्रदेश सभाको तथा सभामुखको निर्वाचनका सन्दर्भमा निजको कुनै राजनीतिक दलसँग आबद्धता रहेको भएपनि सभामुखको पदमा निर्वाचित भैसकेपछि दलीय आवद्धदता कायम नरही निजको हैसियत स्वतन्त्र र तटस्थ अवस्थाको रहन्छह रहनुपर्दछ ।'

सभामुखको भूमिका तटस्थ बनाउन नै सभामुखलाई प्रदेशसभामा मतदान गर्ने अधिकार नदिइएको भन्दै सर्वोच्च अदालतले मत बराबर भएमा मात्रै उनको निर्णायक मत दिने व्यवस्थालाई अपवाद मानेको छ । तर कोशी प्रदेशमा सभामुख गौतमले उद्धव थापालाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि पेश गरिएको प्रस्तावमा हस्ताक्षर गरी जनाएको समर्थन गर्नु संवैधानिक नैतिकता, संसदीय अभ्यास र नेपालको संविधानमा रहेका प्रावधान समेतका दृष्टिले उचित, वैध र स्वीकार्य नभएको अदालतको ठहर छ ।

आदेशमा भनिएको छ, "सभामुख बाबुराम गौतमले हस्ताक्षर गरी जनाउनु भएको समर्थन, यसरी पेश भएको त्रुटिपूर्ण दाबीपत्रलाई मान्यता दिई प्रदेश प्रमुखबाट श्री उद्धव थापालाई कोशी प्रदेशको मुख्यमन्त्री पदमा मिति २०८०/३/२१ मा गरिएको नियुक्ति र तत्-सम्बन्धमा भए गरिएको काम कारबाहीहरु नेपालको संविधान प्रतिकूल देखिएकाले उत्प्रेषणको आदेशद्वारा वदर हुने ठहर्छ ।'

सर्वोच्चले संविधानको धारा १६८ (२) बमोजिम नयाँ सरकार गठनको प्रक्रिया सुरु गर्न पनि आदेश दिएको छ । एमाले संसदीय दलका नेता कार्कीले रिटमा संविधानको धारा १६८ (३) अनुसार प्रदेशसभाको ठूलो दलको संसदीय दलको नेताको हैसियतमा आफूलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश माग गरेका थिए । तर सर्वोच्चले संविधानको धारा १६८ (२) बमोजिम नयाँ सरकार १६८ (२) बमोजिम अर्को सरकार गठन गर्ने विकल्प र हँदासम्म यो विकल्प अपनाउनु बाञ्छनीय देखिएको भन्दै आजको मितिले ७ दिनभित्र १६८ (२) बमोजिम प्रदेशसभाको बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखको नाममा परमादेश जारी गरेको छ ।

**भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS H.A.**
**LAB TECHNICIAN**
**RADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

**स्वीकृत सिट संख्या**
Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट
Physiotherapy - ४० सिट

फारम शुल्क रु.१५००/-

- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

सर्वोत्कृष्ट नतिजा सहित विभिन्न बोर्डहरुको परीक्षामा नेपाल प्रथम हुन सफल यस मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो ।

कक्षा ११ मा अध्यापन हुने विषयहरु:
➡ Science
➡ Management
➡ Education
➡ Humanities





हाम्रा विशेषताहरु:
- दक्ष विषय विज्ञहरुद्वारा अध्यापन गराइने ।
- सुविधा सम्पन्न कक्षा कोठाहरुमा Multimedia तथा Projector को माध्यमबाट पठनपाठन गराइने ।
- सम्पूर्ण पूर्वाधारहरुले सम्पन्न ।
- वार्षिक परीक्षाहरुमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
- आधुनिक विषयगत ल्याबहरु, शैक्षिक सामग्री ल्याबहरुको व्यवस्था भएको ।

**Admission Open in Class-XI**

सम्पर्क:
**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२० https://mmchetauda.edu.np/

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

**अध्यापन हुने विषय/समूहहरू**
- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।

साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।

**कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।**

प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरू: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

अनुशासनमा कडाई, गुणस्तरीय पढाई

**हेटौंडा क्याम्पस**
हेटौंडा -४, मकवानपुर, नेपाल

यस शैक्षिक सत्रका लागि कक्षा ११ मा निम्न सङ्काय तथा विषयहरुमा बिहानी तथा दिवा दुबै समूहमा

**भर्ना खुल्यो !**

नेपाली र अङ्ग्रेजी दुवै माध्यममा अध्यापन हुने

**शिक्षाशास्त्र सङ्कायतर्फ**
- गणित शिक्षा
- नेपाली शिक्षा
- अङ्ग्रेजी शिक्षा
- स्वास्थ्य शिक्षा
- वातावरणीय शिक्षा
- बालविकास र सिकाई (CDL)

**मानविकी सङ्कायतर्फ**
- गणित शिक्षा
- नेपाली शिक्षा
- अङ्ग्रेजी शिक्षा
- स्वास्थ्य शिक्षा
- ग्रामिण विकास
- समाजशास्त्र

**व्यवस्थापन सङ्कायतर्फ**
- गणित
- कम्प्युटर विज्ञान
- व्यवसायिक अध्ययन
- व्यवसायिक गणित
- लेखाविधि
- अर्थशास्त्र

साथै यसै वर्षदेखि कक्षा ११ मा न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षासहित **Hotel Management** विषयमा पनि अध्यापनको लागि भर्ना खुलेको हुँदा आफनो सिट समयमै सुनिश्चित गर्नुहोस ।

भर्ना फाराम धमाधम वितरण भैरहेको छ ।

विस्तृत जानकारीका लागि
०५७-५२०१७४, ५२६७३७, ९८५५०६७४५२, ९८५५०७०६३१, ९८५५०७१६९०



# डिजिटल विधिबाट जग्गा छुट्याउँदै मत्स्य केन्द्र हेटौंडा

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौंडाले अतिक्रमित क्षेत्रको पहिचान गर्न बिहीवारदेखि डिजिटल विधिबाट जग्गा छुट्याउन सुरु गरेको छ ।



नापी कार्यालय हेटौंडाका कर्मचारी तथा स्थानीय जनप्रतिनिधिको रोहबरमा डिजिटल मेसिनबाट प्वाइन्ट खिच्ने र अतिक्रमित क्षेत्र छुट्याउने काम सुरु गरिएको केन्द्रका प्रमुख सरोजकुमार यादवले जानकारी दिए । प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्रको नाममा रहेको जग्गा र भवन अतिक्रमण भएको देखिएपछि जग्गा छुट्याउन ६ साउनमा डिजिटल नक्सांकन गर्ने निर्णय भएको थियो । केन्द्रको नाममा रहेको ४९ हेक्टर जग्गामध्ये १३ विगाह १३ कठ्ठा १० धुर जग्गा अतिक्रमण भएको खुलेको थियो ।

मत्स्य प्रवर्द्धन केन्द्रले आफ्नो अतिक्रमित भएको जग्गाको विवरण जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई जेष्ठ ८ गते जानकारी गराएको थियो । कित्ता नम्बर ९६ को ८ विगाह १३ कठ्ठा १८ धुर जग्गामा पिप्ले युवा क्लवले रंगशाला निर्माण, हेल्थपोष्ट र कार्यालयको भवनसमेत अतिक्रमण गरी रेष्टुरेन्ट सञ्चालन गरिएको जनाएको थियो । कित्ता नम्बर ९६ को २ कठ्ठा १ दशमलव ५ धुर अतिक्रमित जग्गामा उद्धव चौलागाईंले जस्ताको टहरा बनाई पसल सञ्चालन गरेको, सनम श्रेष्ठले १ कठ्ठा १ दशमलव ५ धुर जगमा जस्ताकै टहरा बनाइ रेष्टुरेन्ट सञ्चालन गर्न भाडामा दिएको उल्लेख छ ।

कृष्णप्रसाद पुरी, रामकृष्ण कुँवर, विष्णु दंगालले क्रमश: १ कठ्ठा १२ धुर, १ कठ्ठा ३ धुर, २ कठ्ठा ५ धुर सरकारी जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गरी रेष्टुरेन्ट सञ्चालन गर्न भाडामा दिएको खुलेको हो । जीतलाल महर्जनले १ कठ्ठा ३ धुर जग्गा अतिक्रमण गरी जस्ताको टहरा बनाई पसल सञ्चालन गरेका छन्, भने प्रेमबहादुर परियारले १ कठ्ठा क्षेत्रफलमा रहेको केन्द्रको भवन नै अतिक्रमण गरी कुखुरापालन गरेको तथ्य बाहिर आएको थियो । कार्यालयले जिल्ला प्रशासन कार्यालयलाई पठाएको पत्रअनुसार कालु स्याङ्तान र पदमबहादुर खड्काले १ कठ्ठा ५ धुर र २ कठ्ठा चार धुर जग्गा अतिक्रमण गरी रेष्टुरेन्ट सञ्चालन गरिरहेको केन्द्रले जानकारी दिएको छ ।

केन्द्रको ४९ हेक्टर जग्गामध्ये नापी कार्यालय र मालपोत कार्यालय हेटौंडाको मिलेमतोमा सरकारी जग्गा व्यक्तिको नाममा पास गरेको पाइएपछि कार्यालयले डिजिटल नक्सांकन गर्ने निर्णय गरेको थियो । सरकारी जग्गालाई ८/९ धुरमा विभाजन गरी १० जनाको नाममा पास भएको पाइएको केन्द्रका प्रमुख यादवले बताए । व्यक्तिको नाममा सरकारी जग्गा पास भएको विषयमा मालपोत कार्यालयलाई जानकारी गराएको यादवले बताए । जग्गाको नापजाँच गरेपछि केन्द्रको जग्गा अतिक्रमण भएको यकिन तत्थ्य पत्ता लाग्ने यादवको विश्वास छ ।

# निर्माण संघद्वारा पाँच सरकारी कार्यालयको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ निर्माण व्यवसायी संघ मकवानपुरले विभिन्न ९ बुँदे माग राख्दै जिल्लास्थित पाँच सरकारी कार्यालयको ध्यानाकर्षण गराएको छ ।

कामको भुक्तानी र म्याद थपलगायतको मागसहित निर्माण व्यवसायी संघ नेपालले देशैभर आन्दोलनका विभिन्न कार्यक्रमहरु गरिरहेको छ ।

आन्दोलनको केन्द्रीय तालिका अनुसार निर्माण व्यवसायी संघ मकवानपुरले जिल्लामा रहेका सडक डिभिजन कार्यालय हेटौंडा, यातायात पूर्वाधार निर्देशनालय, सहरी विकास तथा भवन कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय र संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालयका प्रमुखलाई भेटेर आफ्ना मागसहित ध्यानाकर्षणपत्र बुझाएको संघका महासचिव राजेन्द्र चौलागाईंले बताए ।

सरकारले असार २१ गते राजपत्रमा म्याद थप सम्बन्धमा सार्वजनिक खरिद ऐन बमोजिम बाधा अड्काउ फुकाउनका लागि जारी गरेको आदेशले हाल विद्यमान म्याद थप र भुक्तानी समस्या समाधान गर्न नसकेको हुँदा यसलाई सच्याइनु पर्ने चौलागाईंले बताए ।

संघले सबै निर्माण कार्यको भुक्तानी हुनुपर्ने, नेपाल सरकारबाट जारी म्याद थपको आदेशमा संशोधन गरी सम्पूर्ण आयोजनाको एकमुष्ट रुपले म्याद थप र पुन: आदेश जारी गर्नुपर्ने, अत्याधिक र अप्रत्याशित रुपले भएको मूल्यवृद्धिलाई सम्बोधन हुने गरी मूल्य समायोजन गरिनुपर्ने, रुग्ण आयोजनाहरु अन्यौलग्रस्त र बजेट नभई काम हुन नसक्ने एवं काबु बाहिरका निर्माण कार्य सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने माग गरेको संघका उपमहासचिव दिनेश पनेरुले जानकारी दिए ।

त्यसैगरि संघले चेक बाउन्स र बैक ग्यारेण्टी जफत गर्ने लगायतका कार्वाही रोकिनुपर्ने, बीमाको प्रिमियम दरमा भएको वृद्धिलाई खारेज गरिनु पर्ने, श्रोतमा कट्टा गरेको अग्रीम आयकर र मूल्य अभिबृद्धि करको बाँकी बक्यौता रकम समयमा नियोक्ताले राजस्व खातामा दाखिला गरिनु पर्ने, उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने व्यवस्था खारेज गरिनु पर्ने र कानूनमा संशोधन गरिनु पर्नेलगायतको माग गरेको पनेरुले जनाए ।

सरकारले मागको उचित सम्बोधन नगरे निमार्ण समाग्रीसहित काठमाडौंमा थप सशक्त सडक आन्दोलनको कार्याक्रम घोषणा गरिएको संघले जनाएको छ ।

कार्यक्रममा निर्माण व्यवसायी संघ मकवानपुरका कार्यवाहक अध्यक्ष सागर कटुवाल, द्वितीय उपाध्यक्ष भवनाथ अधिकारी, तृतीय उपाध्यक्ष भीमसेन श्रेष्ठ, कोषाध्यक्ष अनल श्रेष्ठ, कार्यसमिति सदस्य चेतबहादुर थापालगायतको उपस्थिति रहेको थियो ।

# प्याब्सनद्वारा एउटै मञ्चमा १ सय ७१ विद्यार्थीको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन)मकवानपुरले एउटै मञ्चमा १ सय ७१ जना विद्यार्थीलाई सम्मान गरेको छ ।

निजी विद्यालयहरुको छाता संगठन प्याब्सनले मकवानपुरबाट एसईई परीक्षामा सहभागी भई उत्कृष्ट नतिजा ल्याउने संस्थागत विद्यालयका विद्यार्थीलाई हेटौंडामा बिहीवार सम्मान गरेको हो । संस्थागत विद्यालयबाट एसईई परीक्षामा औसत ३ दशमलव ६ जीपीए भन्दा माथि अंक ल्याउने १ सय ७१ विद्यार्थीलाई एकैपटक सम्मान प्रदान गरिएको प्याब्सनका अध्यक्ष विनोद सुवेदीले जानकारी दिए । एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यालय र विद्यार्थीलाई हेटौंडा उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामाले सम्मान प्रदान गरेकी छन् ।

विद्यालयतर्फ हेटौंडा-१८ मा रहेको मकवानपुर बालविद्या सदनले ३ दशमलव ३३ अंक पाउँदै संस्थागत विद्यालयतर्फ उत्कृष्ट भएको थियो । मेयर लामाले परीक्षा उत्तीर्ण गरेका विद्यार्थीलाई उज्जवल भविष्यको शुभकामना दिँदै उपमहानगरपालिका शैक्षिक गतिविधिलाई परिवर्तन गर्ने पक्षमा रहेको बताइन् । हालको शिक्षाले रोजगारी भन्दा पनि बेरोजगारको संख्या बढाउँदै लगेका भन्दै नगरमा इन्जिनियरिङ, कृषि र कानुनको शिक्षा सञ्चालनको पक्षमा रहेको जानकारी दिइन् ।

अध्यापनमा आउने समस्या हटाउनका लागि उपमहानगर पालिकाको ढोका संधै खुल्ला रहेको भन्दै उनले समस्या समाधानका लागि आफू तयार रहेको बताइन् । लामाले निजी क्षेत्रले शिक्षामा गरेको ठुलो लगानीबाट राम्रो जनशक्ति उत्पादन भएको बताइन् ।

सामुदायिक विद्यालयका लागि सरकारले गरेको लगानी उत्पादनमुखी नभएको उनको भनाई थियो । संस्थागत विद्यालयमा र सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकको सुविधामा रहेको अन्तरअनुसार सामुदायिक विद्यालयका शिक्षकले काम गर्न नसकेको भन्दै अब कसैलाई देखाएर पन्छिने र भाग्ने काम हुननहुने उनको भनाई थियो ।

प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको सभाध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतम, प्याब्सन बागमती प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठ, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, संस्थागत विद्यालय अभिभावक संघ मकवानपुरका अध्यक्ष रमिला सापकोटा, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहाल, प्याब्सनका सल्लाहकार मदन दाहाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# पूर्वाधार क्षेत्रको टेण्डर तीन महिनाभित्र गरिसक्न निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको वार्षिक समीक्षा कार्यक्रम बुधबारबाट हेटौंडामा सुरु भएको थियो । बिहीबारसम्म चलेको समीक्षा कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले प्रदेशका सबै जिल्लाबाट पूर्वाधारका काममा तीन महिनाभित्र टेण्डर गरिसक्न निर्देशन दिएका छन् ।

अन्तिम समय बैशाख जेठमा टेण्डर गर्ने र काम नगर्ने परिपाटीको अन्त्य गर्दै अब टेण्डर को काम सुरु गर्न उनले निर्देशन दिए । बजेट किताबमा रहेका योजना अहिले नै गर्न सकिने र कुन योजना गर्न नसकिने भनेर लेखेर पठाउन पनि उनले निर्देशन दिए । अब हचुवाको भरमा काम गर्ने भन्दा पनि पाँचवर्षे आवधिक योजना बनाएर काम गर्नुपर्नेमा उनले जोड दिए ।

यो प्रदेशलाई बनाउने जिम्मेवारी तपाइ हामी सबैको रहेको मुख्यमन्त्री जम्मकट्टेलले बताए । हेटौंडाबाट भैंसे-भीमफेदी सडक खण्डको काम ढिलो गतिमा भइरहेकाले छिटो सक्नेगरी काम गर्न पनि उनले आग्रह गरे । पूर्वाधार विकासको काममा आलटाल नगर्न आग्रह गर्दै मुख्यमन्त्री जम्मकट्टेलले भने-'वन कार्यालयका लागि सहरी विकास कार्यालयले बनाएको भवन अहिले म बसेको छु त्यसको छत रोटी जस्तो उप्सेको छ । यसको गुणस्तर किन भएन ?'

कार्यक्रमको अध्यक्षता गरेका भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालले कुनैपनि योजना व्यक्तिको नभएर जनता र सरकारको भएकाले काम थाल्न आग्रह गरे । भौतिक पूर्वाधार मन्त्रालयको १५ अर्ब बजेट त बहुवर्षीय योजनामा छुट्याएर बजेट तयार गर्नुपरेको स्मरण गराए । अब बाँकी केही बजेट मात्र नयाँ योजनालाई प्राथमिकता दिएर काम गरिएको मन्त्री दुलालले बताए ।

चालु आर्थिक वर्ष र आउँदो आर्थिक वर्षसम्ममा हेटौंडाको बुद्धचोकदेखि काठमाडौंसम्मको सडक निर्माण भएर कालोपत्रे हुने दावि गरे । विकास निर्माणका काममा जहाँ समस्या छ त्यहाँको समाधान गर्न कार्यालयका प्रमुख र कर्मचारीहरु लाग्नुपर्ने बताए । कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका सदस्य किरणप्रसाद गजुरेल, प्रदेशका प्रमुखसचिव घनश्याम उपाध्याय, भौतिक मन्त्रालयका सचिव शंकर प्रसाद पण्डित, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव महेश आचार्य, यातायात पूर्वाधार निर्देशनालयका निर्देशक लोकनाथ रेग्मीलगायतको सहभागिता थियो ।


## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

Golden Opportunity For SEE Graduates To Become Skilled Technical Manpower

## शैक्षिक सत्र २०८० को नयाँ भर्ना खुल्यो !

Civil & Geomatics 3-Year Diploma Engineering Course

उत्कृष्ट नतिजाको लागि वंशगोपाल मावि, चौघडा हेटौंडा बजारबाट ६ किमि पूर्व

दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारी सुनिश्चितताका लागि प्राविधिक शिक्षा नै वर्तमानको आवश्यकता

सिभिल र जियोम्याटिक्स ईन्जिनियरिङ्का लागि :

फाराम बुझाउने अन्तिम : २०८०।०४।१२ गतेसम्म

प्रवेश परीक्षा : २०८०।०४।२४ गते विहान ८:०० बजे

कक्षा ११ मा अँग्रेजी र नेपाली माध्यममा विषय समूहहरु : Science Group, Management Group, Education Group, Humanities Group

सम्पर्क : 9845164997 / 9845029444 / 9845490602 98455988707 / 9845781156

श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)

चौघडा, हेटौंडा-६, मकवानपुर, बागमती प्रदेश

" गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता "

2080-2081 ADMISSION OPEN

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

शैक्षिक सत्र २०८०/८१ कालागी निम्न विषयहरुमा कक्षा ११ मा भर्ना खुल्यो

शिक्षा, कम्प्युटर साइन्स, कानुन, व्यवस्थापन, मानविकी

इलेक्ट्रिकल इन्जिनियरीङ (CTEVT ३ वर्षे डिप्लोमा)

साथै यसै शैक्षिक सत्रबाट नयाँ विषय शिक्षा विज्ञान (Education Science)

यातायातको सुविधा भएको

•विशेषताहरू
- दक्ष एवम् अनुभवी प्राध्यापकहरू,
- पर्याप्त पुस्तकालयको व्यवस्था,
- प्रयोगात्मक कक्षाको व्यवस्था,
- गरीब, जेहेन्दार तथा असहायकालागी छात्रवृत्ति,
- अतिरिक्त क्रियाकलापको व्यवस्था,
- पर्याप्त भौतिक सेवा सुविधा,

➤ भर्ना फारम वितरण भइरहेकोले इच्छुक विद्यार्थीहरूले विद्यालयमा सम्पर्क गर्नु होला ।

श्री निर्मल माध्यमिक विद्यालय

हेटौंडा -१९ बस्तीपुर

सम्पर्क: ९८५५०३०८८७, ९८५५०६७७९९, ९८४५०७१७८८, ९८४५०७१६५८

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र २०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering And Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा सञ्चालन भइरहेको छ । तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

* हाम्रा विशेषताहरू :
- शैक्षिक सत्र २०७८/०७९ मा Civil Engineering धारतर्फ कक्षा १२ मा नेपाल प्रथम हुन सफल ।
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
- अत्याधुनिक Computer/Science & Civil Engineering Lab को व्यवस्था भएको ।
- Multimedia को प्रयोग गरी कक्षा सञ्चालन गरिने ।
- उपयुक्त भौतिक पूर्वाधारसहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको
- विद्यार्थीहरुको नियमित मूल्यांकन, Motivational & Counseling को व्यवस्था ।
- 'सबैको लागि शिक्षा नि:शुल्क शिक्षा' को मर्मअनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
- समय समयमा विषयगतरुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमणसमेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% Discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% Discount in monthly fee. |

**Bhutandevi Secondary School** (Technical School)

सम्पर्कका लागि : ०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६ ८३०, ९८५५०७१६०७


## मकवानपुर बहुमुखी क्याम्पस

हेटौंडा-२ मकवानपुर

## कोटेशन आह्वान सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०४/१२*

सिलवन्दी कोटेशन नम्बर :१/२०८०/०८१

१. यस मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडाको लागि चालु आ.ब. २०८०/८१ मा स्नातक तथा स्नातकोत्तर तहको विभिन्न संकायको नेपाली प्रकाशनका केही आवश्यक पुस्तकहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित बस्तु वा सेवा आपुर्ति गर्ने इजाजत पत्र प्राप्त फर्म वा कम्पनीबाट निम्न शर्तको अधीनमा रही रीतपूर्वकको कोटेशन आह्वान गरिएको छ ।

२. यो सूचना साझाकुरा राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र निर्धारित मूल्य तिरी (पछि फिर्ता नहुने गरी) कोटेशन फाराम राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हेटौडामा रहेको यस क्याम्पसको चल्ती खाता नं. १३०००१३३००१ मा जम्मा गरेको रु १०००।- को बैंक भौचर संलग्न गरी यस क्याम्पसको स्टोर शाखाबाट खरीद गर्न सकिने छ । कोटेशन फारमको साथमा आयकर दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र, संस्था दर्ता प्रमाण-पत्र र आ.व.२०७८/७९ सम्मको कर चुक्ता प्रमाण-पत्रहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ । कोटेशन साथ पेश गरिने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनु पर्नेछ ।

३. खरीद भएको कोटेशन फारममा भर्नु पर्ने सबै पानाहरुमा स्पष्टसंग भरी, प्रत्येक पानामा सहिछाप गरी, खाम शिलवन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, कोटेशन नम्बर लेखी यस कार्यालयलाई सम्बोधन गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएको कोटेशन सोही दिन दिउंसो ठिक २:०० वजे कोटेशन दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । कोटेशन दाताहरु वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि कोटेशन खोल्न वाधा पर्ने छैन ।

४.कोटेशनमा बुँदागत रुपमा अंक र अक्षरमा दररेट स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएका विवरणहरु फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट भएको ठाउँमा कोटेशन दाताको दस्तखत हुनु पर्नेछ ।

५.कोटेशनको मान्य अवधि ४५ दिनको हुनेछ ।

६.कोटेशन दाताले कोटेशन जमानत वापत यस क्याम्पसको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, हेटौंडा शाखामा रहेको चल्ती खाता नं.१३००००१३३००१ मा रु. २५,०००।- (अक्षरुपी पच्चिस हजार) जम्मा गरेको सक्कलै बैंक भौचर वा नगदी रसिद वा वाणिज्य बैङ्कले जारी गरेको ७५ दिन म्याद भएको जमानत पत्र कोटेशनसाथ पेश गर्नु पर्नेछ ।

७.कोटेशन खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा वा कुनै कारणबस क्याम्पस बन्द भएमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८.कोटेशन पुरै वा आंशिक रुपमा, स्वीकार गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार मकवानपुर बहुमुखी क्याम्पसमा निहित रहनेछ ।

९.एक फर्मको नाममा खरीद गरिएको कोटेशन फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०. यस कोटेशन सम्बन्धी थप केहि कुरा बुझ्नुपर्ने भएमा क्याम्पसको स्टोर शाखाबाट जानकारी लिन सकिनेछ ।

११. यो सूचनामा उल्लेख भएका कुराहरु प्रचलित ऐन नियमसँग नबाझेको हदसम्म यसै अनुसार र अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम, सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।


## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना